# हाईड्रोईलेक्ट्रीसिटी ईन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
# सञ्चालक निर्वाचन निर्देशिका, २०८१

हाईड्रोईलेक्ट्रीसिटी ईन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

# हाईड्रोईलेक्ट्रीसिटी ईन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
# सञ्चालक निर्वाचन निर्देशिका, २०८१

**प्रस्तावनाः** हाईड्रोईलेक्ट्रीसिटी ईन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको नियमावलीको नियम २७ को उपनियम (२) को खण्ड (क)(५) र (ख) बमोजिम संस्थापक उपसमूह क-२ का अन्य संस्थापकहरुको तर्फवाट प्रतिनिधित्व गर्ने एक जना र सर्वसाधारण शेयरधनीहरुको समूह “ख” बाट प्रतिनिधित्व गर्ने एक जना सञ्चालकको निर्वाचन प्रयोजनको लागि कम्पनीको सञ्चालक समितिले देहायको निर्देशिका बनाई जारी गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम "हाईड्रोईलेक्ट्रीसिटी ईन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड सञ्चालक निर्वाचन निर्देशिका, २०८१" रहेको छ ।
(२) यो निर्देशिका सञ्चालक समितिबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–
(क) ‘ऐन’ भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्छ ।
(ख) ‘कम्पनी’ भन्नाले **हाईड्रोईलेक्ट्रीसिटी ईन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड**लाई सम्झनु पर्छ ।
(ग) ‘कर्मचारी’ भन्नाले निर्वाचन कार्यको लागि खटिने गरी निर्वाचन अधिकृतद्धारा कर्मचारी भनी नियुक्त व्यक्ति सम्झनुपर्दछ ।
(घ) ‘तोके बमोजिम’ भन्नाले सञ्चालक समिति वा निर्वाचन अधिकृत वा निर्देशिकाले तोके बमोजिम सम्झनुपर्दछ ।
(ङ) ‘नियमावली’ भन्नाले कम्पनीको नियमावलीलाई सम्झनु पर्छ ।
(च) ‘निर्देशिका’ भन्नाले हाईड्रोईलेक्ट्रीसिटी ईन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड सञ्चालक निर्वाचन निर्देशिका, २०८१ सम्झनु पर्दछ ।
(छ) ‘निर्वाचन अधिकृत’ भन्नाले सञ्चालक निर्वाचनको लागि कम्पनीको सञ्चालक समितिले नियुक्त गरेको व्यक्तिलाई सम्झनु पर्छ ।
(ज) ‘प्रबन्ध पत्र’ भन्नाले कम्पनीको प्रबन्धपत्रलाई संझनु पर्छ ।
(झ) ‘प्रोक्सी’ भन्नाले कम्पनीका शेयरधनीले आफ्नो सट्टामा रितपुर्वक मुकर्रर गरी पठाएको प्रतिनिधिलाई संझनु पर्छ ।
(ञ) ‘मतदाता’ भन्नाले संचालक निर्वाचन प्रयोजनका लागि मतदान गर्नका लागि प्रकाशित मतदाता नामावलीमा नाम उल्लेख भएका सम्बन्धित समूहका शेयरधनीलाई जनाउँछ ।

(ट) 'शेयर' भन्नाले कम्पनीको शेयर पूँजीको बिभाजित अंशलाई सम्झनु पर्दछ ।

(ठ) 'शेयरधनी' भन्नाले कम्पनीको साधारण सभामा भाग लिन तथा निर्णय प्रक्रियामा भाग लिनका लागि योग्य शेयरधनीलाई जनाउँछ ।

(ड) 'सञ्चालक' भन्नाले कम्पनीको सञ्चालक सम्झनु पर्दछ ।

(ढ) 'सञ्चालक समिति' भन्नाले कम्पनीको सञ्चालक समितिलाई सम्झनु पर्छ ।

(ण) ''सम्बन्धित समूह'' भन्नाले यस निर्देशिका वमोजिम संचालक निर्वाचनका लागि मतदान गर्न पाउने शेयरधनीहरुको समूहलाई जनाउँछ, जसमा संस्थापक उपसमूह क-२ का अन्य संस्थापकहरुको एक समूह र सर्वसाधारण शेयरधनीहरुको समूह ''ख'' रहनेछ ।

## परिच्छेद-२
## कम्पनीको सञ्चालक समितिको गठन

३. **कम्पनीको सञ्चालक समितिको गठन** : (१) कम्पनीको सञ्चालक समितिको गठन कम्पनीको नियमावली को नियम २७ मा भएको व्यवस्था बमोजिम हुनेछ ।

(२) उपदफा (१) वमोजिम संचालक समितिको गठन हुँदा संस्थापक उपसमूह क-२ का अन्य संस्थापकहरुको तर्फवाट प्रतिनिधित्व गर्ने एक जना र सर्वसाधारण शेयरधनीहरुको समूह ''ख'' बाट प्रतिनिधित्व गर्ने एक जना संचालकको नियुक्ति निर्वाचनको प्रक्रियावाट हुनेछ ।

४ **सञ्चालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या तथा योग्यता**: (१) कम्पनीको सञ्चालकको पदमा निर्वाचित हुनको लागि शेयरधनीले आफ्नो नाममा सम्बन्धित समूहको कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ ।

(२) सञ्चालक हुनको लागि ऐन तथा कम्पनीको नियमावलीमा तोके बमोजिम चाहिने योग्यता पुगेको र अयोग्य नभएको हुनु पर्नेछ ।

## परिच्छेद-३
## निर्वाचन अधिकृतको नियुक्ति, काम, कर्तव्य तथा अधिकार

५. **निर्वाचन अधिकृतको नियुक्ति** : (१) कम्पनीको प्रबन्धपत्र, नियमावली र यस निर्देशिकाको अधिनमा रही सञ्चालकको निर्वाचन गराउने प्रयोजनको लागि सञ्चालक समितिले एक जना निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

(२) निर्वाचन अधिकृतको पारिश्रमिक तथा अन्य सेवा सुविधा कम्पनीले तोके बमोजिम हुनेछ ।

(३) निर्वाचनको लागि आवश्यक पर्ने प्रशासनिक, आर्थिक लगायत भौतिक सहयोग तथा सुरक्षा व्यवस्थाको प्रबन्ध कम्पनीले गर्नेछ ।

६. **निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकारः** (१) निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) निर्वाचन सम्बन्धी कार्यक्रम प्रकाशन गर्ने ।

(ख) निर्वाचन सम्बन्धी आवश्यक तथ्यहरु जानकारी गराउने ।

(ग) मतदाता नामावली प्रकाशन गर्ने ।

(घ) उम्मेदवारको दरखास्त लिने र जाँच गर्ने ।

(ङ) उम्मेदवारको नामावली प्रकाशन गर्ने, गराउने ।

(च) दाबी विरोध उपर छानविन गरी निर्णय गर्ने ।

(छ) मतदानको समय तोक्ने ।

(ज) प्रोक्सी संकलन भई आएका प्रोक्सी छानबिन गरी सदर, बदर गर्ने ।

(झ) मतपत्रमा सही गर्ने ।

(ञ) मतदान गराउने ।

(ट) मतपत्र रद्द गर्ने ।

(ठ) मतपत्र गणना गर्ने, गराउने ।

(ड) परिणाम घोषणा गर्ने ।

(ढ) निर्वाचन सम्बन्धी प्रक्रियाहरु मध्ये कुनैमा कम समय वा बढी समय लाग्ने भएमा सञ्चालक समितिको अध्यक्षको स्वीकृतिमा आवश्यकतानुसार समय थपघट गर्ने ।

(ण) मतदानको लागि आवश्यक सहयोगी नियुक्त गर्ने ।

(त) यस निर्देशिकामा उल्लेखित अन्य काम गर्ने, गराउने ।

(२) निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी कार्यमा सहयोग पुऱ्याउन आवश्यकता अनुसार सहायक निर्वाचन अधिकृत तथा अन्य कर्मचारीहरु समेत नियुक्त गर्न सक्नेछ । यसरी निर्वाचन अधिकृतले निर्वाचन प्रकृयाको लागि लागू गरेको कार्यविधि तथा आवश्यकता अनुसार खटाएका कर्मचारीले गरेको कार्य यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

(३) निर्वाचन अधिकृतले सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत तथा अन्य कर्मचारीहरुलाई आवश्यकता बमोजिम अधिकार प्रत्यायोजन गर्न सक्नेछ । तर मनोनयनपत्र जाँच्ने, सदर बदर गर्ने वा खारेज गर्ने काम प्रत्यायोजन गर्न सक्ने छैन ।

(४) यस निर्देशिकामा उल्लेखित प्रावधान बाहेक अन्य कुराहरुको हकमा निर्वाचन अधिकृतले निर्वाचन गराउनका लागि आवश्यक अन्य कार्यविधि निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद-४
## प्रतिनिधि तथा मतदाता नामावली

७. **मतदाता तथा प्रतिनिधि** (Proxy) : (१) कम्पनीको सञ्चालक समितिको निर्णय अनुसार साधारण सभाको लागि शेयरधनीको दर्ता किताब तथा शेयर दाखिला खारेजीको कार्य बन्द भएको मितिको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा शेयर कारोबार भई तोकिएको समय भित्र कम्पनीको शेयर रजिष्ट्रारको कार्यालयमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम सम्बन्धित समूहका शेयरधनीहरु मतदाता हुनेछन् ।

(२) संयुक्त नाममा शेयर खरिद गरिएको अवस्थामा शेयरधनीहरुको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिको वा सर्वसम्मतबाट प्रतिनिधि (Proxy) मुकर्रर गरिएको प्रतिनिधिले मात्र मताधिकार प्रयोग गर्न सक्नेछ ।

(३) मतदानको अधिकार प्राप्त गरेका सर्वसाधारण शेयरधनी मतदानमा स्वयं उपस्थित हुन नसक्ने भएमा निजले आफ्नो प्रतिनिधि (Proxy) मुकरर गरी अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिई सहीछाप गरी प्रतिनिधि (Proxy) मनोनयन गरी पठाउन सक्नेछ र यसरी मनोनयन भएको प्रतिनिधी (Proxy) ले मतदान गर्न पाउनेछ ।

(४) अनसुची–१ बमोजिमको ढाँचाको प्रोक्सी फारम भरी साधारण सभाको सूचना वा निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गर्दा प्रोक्सी फारम बुझाउनका लागि तोकिएको समय भित्र सो को सक्कलै प्रति निर्वाचन अधिकृतको कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । सो समय भन्दा ढिलो गरी प्राप्त प्रोक्सी फारमलाई मान्यता दिईने छैन । साथै, एक भन्दा बढी शेयरधनीवाट प्रोक्सी लिएको खण्डमा त्यस्ता प्रोक्सीहरुको सिलसिलेवाररुपमा सूची तयार गरी सो समेत पेश गर्न पर्नेछ ।

(५) आफ्नो प्रतिनिधि मुकर्रर गर्दाको अवस्थामा कुनै शेयरधनीका एक भन्दा बढी प्रतिनिधि (Proxy) फारमहरु प्राप्त भएमा सो शेयरधनीले पेश गरेको सबै प्रतिनिधी प्रोक्सी फारामहरु रद्द हुनेछ ।

(६) प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रोक्सी एकै व्यक्तिलाई गर्नु पर्नेछ । एक वा एक भन्दा बढी व्यक्तिलाई कुनै किसिमबाट छुट्याएर दिएमा उक्त सबै प्रोक्सी स्वतः बदर हुनेछ ।

(७) सभामा भाग लिनको लागि प्रोक्सी नियुक्त गर्दा आफ्नो कायम शेयर संख्या उल्लेख नगरेमा, कायम शेयर संख्या भन्दा बढी वा घटी उल्लेख भएमा प्रोक्सी बदर हुनेछ ।

(८) शेयर संख्यामा कुनै किसिमको केरमेट भएमा वा टिपेक्स लगाएको भएमा प्रोक्सी बदर हुनेछ ।

(९) प्रतिधिनी मुकरर गर्दा बहाल रहेको कम्पनीको सम्बन्धित समूहको शेयरधनी बाहेक अरुलाई प्रतिनिधि मुकरर गर्न पाईने छैन ।

(१०) नाबालक तथा मानसिक सन्तुलन ठिक नभएको शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता कायम रहेको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि (Proxy) तोक्न पठाउन सक्नेछ ।

(११) कर्मचारी शेयरधनी मतदाताहरुको हकमा कर्मचारीको हैसियतबाट कम्पनीको शेयर खरिद गरी दर्ता किताबमा नाम जनिएको व्यक्तिलाई मतदाताको रुपमा गणना गरिनेछ ।

(१२) यस दफा बमोजिम प्रतिनिधि नियुक्त गरिसके पश्चात उक्त प्रतिनिधि (Proxy) बदर गरी आफु स्वयं सभामा उपस्थित हुने भएमा सभामा शेयरधनी स्वयं उपस्थित हुन पाउने छ । तर उक्त व्यहोराको लिखित सूचनाको निवेदन सभा सुरु हुने दिन भन्दा कम्तीमा ४८ घण्टा अगावै निर्वाचन अधिकृतको कार्यालयमा दर्ता गर्नु पर्नेछ । सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुने भएमा त्यस्तो प्रतिनिधि (Proxy) पत्र स्वतः निष्कृय हुनेछ ।

(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (४), (५), (६), (७) र (८) बमोजिम बदर भएका प्रोक्सी (Proxy) दिने शेयरधनी सभामा स्वयं उपस्थित भई मतदानमा भाग लिन सक्नेछ।

(१४) प्रतिनिधि (Proxy) नियुक्त भईसकेपछि उक्त प्रतिनिधि बदर गर्ने भएमा सोको कारण सहितको लिखित सूचना सभा हुनुभन्दा ४८ घण्टा अगावै निर्वाचन अधिकृतको कार्यालयमा कार्यालय समयभित्र दर्ता गरिसक्नु पर्नेछ र सोको जाँचबुझ गरी परिणामको जानकारी साधारण सभामा मतदान अगावै सम्बन्धित प्रोक्सी ल्याउने व्यक्तिलाई दिइनेछ।

(१५) संस्थगत शेयरधनीको हकमा सो संस्थाको संचालक समितिले निर्णय वमोजिम नियुक्त गरेको व्यक्ति, वा त्यस्तो संस्थाको प्रमुख कार्यकारी वा निजले तोके वमोजिमको संस्थाको पदाधिकारी वा कर्मचारीले संस्थाको प्रतिनिधिकोरुपमा सभामा भाग लिन तथा मतदान गर्न सक्नेछ। सो प्रयोजनका लागि संस्थाको लेटर हेडमा प्रमुख कार्यकारी अधिकृतले प्रतिनिधि नियुक्त गरेको पत्र सभामा हाजिरीको समय पेश गरी सभामा भाग लिन तथा मतदान गर्न पाउनेछ। तर, संस्थाको पदाधिकारी वा कर्मचारी वाहेक अन्य व्यक्तिलाई संचालक समितिले प्रतिनिधि नियुक्त गरेको अवस्थामा संचालक समितिको निर्णय उतार समेत कम्पनी सचिववाट प्रमाणित गराई पेश गर्न पर्नेछ।

(१६) कुनै व्यक्तिले पहिले कुनै एक व्यक्तिलाई प्रतिनिधि मुकरर गरेको पत्र कम्पनीमा दर्ता भई सकेपछि त्यसरी मुकरर गरेको प्रतिनिधिलाई बदर गरेको लिखित सूचना नदिई पुनः अर्को प्रतिनिधि मुकरर गर्न पाइने छैन।

(१७) प्रोक्सीको जाँचवुझ गर्ने, हस्ताक्षर भिडाउने, शेयर संख्या यकिन गर्ने लगायतको कार्यमा कम्पनीको शेयर रजिष्ट्रारले आवश्यक संख्यामा कर्मचारीहरु खटाई निर्वाचन अधिकृतलाई सहयोग गर्ने व्यवस्था मिलाईनेछ।

८. **मतदाता नामावली प्रकाशनः** (१) निर्वाचित हुने सञ्चालक पदमा मतदान गर्ने शेयरधनीको नाम र शेयर संख्या समेत उल्लेख गरी अनुसूची-२ मा तोके बमोजिमको ढाँचामा निर्वाचन अधिकृतले प्रथम पटक मतदाता नामावली प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाता शेयरधनीको नाम छुट भएमा दाबी गरी दर्ता गराउन वा दर्ता भएको कुनै मतदाताको नाम, निजले लिएको शेयर संख्या वा मत संख्या वा अन्य कुनै व्यहोरा सच्याउन वा दर्ता हुन नपर्ने कुनै मतदाताको हटाउन, दाबी बिरोध गर्न निर्वाचन अधिकृतले तोके बमोजिम म्याद दिईनेछ।

(३) उपदफा (२) बमोजिम उजुरी दिंदा दुई हजार रुपैंया कम्पनीको खातामा धरौटी स्वरुप जम्मा गरी सो को भौचर संलग्न गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम दिएको उजुरी गलत सावित भएमा धरौटी जफत हुनेछ। तर उजुरी सही ठहरिएमा उपदफा (३) बमोजिम राखेको धरौटी सम्बन्धित व्यक्तिलाइ फिर्ता दिनु पर्नेछ।

(५) यस दफा बमोजिम परेको दाबी बिरोधलाई निर्वाचन अधिकृतले छानबिन गरी अनुसुची–३ बमोजिमको ढाँचामा अन्तिम पटक मतदाता नामावली प्रकाशन गर्नेछ।

(६) उपदफा (५) बमोजिम नामावली प्रकाशन गर्दा कम्पनी सचिबबाट मतदाता नामावलीमा नाम छुट भएको व्यहोरा प्रमाणित गरी मतदाताको थप नामावली प्राप्त हुन आएमा सो समेत समावेश गरिनेछ ।

९. **मतदाता नामावली स्वीकार्य हुने :** (१) दफा ८ को उपदफा (६) बमोजिम अन्तिम मतदाता नामावली प्रकाशित भएपछि सो मतदाता नामावलीमा कुनै हेरफेर वा थपघट हुने छैन र निर्वाचन कार्यको लागि सोही नामावली अन्तिम हुनेछ ।

(२) कुनै मतदाताको नाम, थर, ठेगाना वा अन्य विवरण प्रकाशित गर्दा सामान्य त्रुटी भएको कारणले मात्र कुनै मतदातालाई उम्मेदवार बन्ने वा मतदान गर्ने अधिकारबाट बन्चित गरिने छैन ।

१०. **मतदाता नामावली हेर्न र सार्न पाइनेः** (१) मतदाताले निर्वाचन अधिकृतले अनुसुची-२ र अनुसुची-३ बमोजिम प्रकाशन गरेको मतदाता नामावली हेर्न र सार्न चाहेमा हेर्न र सार्न दिनु पर्नेछ ।

(२) मतदाताले मतदाता नामावली लैजान चाहेमा प्राबिधिक रुपमा सम्भव भएसम्म मतदाता नामावली लिने व्यक्तिलाई शेयरधनीको नामावली माग गरेमा सो बापत प्रति पेनड्राईभ रु ५००/- (पाँच सय रुपैया) दरले पेन ड्राईभमा कपी गरिदिने र प्रिन्ट गरिएको मतदाता नामावली प्रति पाना रु १०/- (रु दश रुपैया मात्र) का दरले दस्तुर लिई शेयरधनी वा प्रतिनिधि (Proxy) लाई निर्वाचन अधिकृतबाट प्रमाणित गराई लिन सक्नेछ ।

## परिच्छेद -५
## निर्वाचन कार्यक्रम, उम्मेदवार तथा मनोनयनपत्र दर्ता

११. **निर्वाचन कार्यक्रमको सूचनाः** (१) कम्पनीको साधारण सभा तोकिएको दिनमा नै सञ्चालक पदको लागि मतदान हुने गरी निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमको निर्वाचन सम्बन्धी विस्तृत कार्यक्रम निर्धारण गरी निर्वाचन हुने दिन भन्दा कम्तीमा ५ दिन अगावै मतदान केन्द्रको स्थान, मतदान हुने मिति र मतदान हुने समय आदि उल्लेख गरी अनुसूची-४ बमोजिमको ढाँचामा मतदान कार्यक्रम प्रकाशन गर्नेछ ।

१२. **उम्मेदवारको योग्यता** : कम्पनीको सञ्चालकमा उम्मेदवार हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछ :

(क) उम्मेदवार हुन चाहने शेयरधनीको नाममा सम्बन्धित समूहको कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्ने ।

(ख) उम्मेदवार हुन चाहने शेयरधनीको नाम मतदाता नामावलीमा उल्लेख भएको हुनु पर्ने ।

(ग) कम्पनी ऐन तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीले सञ्चालक हुन बन्देज नगरेको व्यक्ति हुनु पर्ने ।

(घ) उम्मेदवार हुन चाहने शेयरधनी कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश नभएको हुनु पर्ने र सो सम्बन्धी पत्र मनोनयन दर्ता गर्ने मितिले १५ दिन भन्दा पुरानो मान्य हुने छैन ।

(ङ) नेपाल धितोपत्र बोर्डले जारी गरेको सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धि निर्देशिका, २०७४ को दफा ६ बमोजिम अयोग्य नभएको व्यक्ति हुनु पर्ने ।

१३. **उम्मेदवारको मनोनयन :** (१) सञ्चालक पदको लागि उम्मेदवार हुन कानून बमोजिम योग्य इच्छुक शेयरधनीले निर्वाचन अधिकृतद्धारा प्रकाशित निर्वाचन कार्यक्रममा तोकिएको समय भित्र अनुसुची–५ को ढाँचामा मनोनयन पत्र भरी शेयरधनी मध्ये एक जना प्रस्तावक र एक जना समर्थकको दस्तखत गराई निर्वाचन अधिकृतको कार्यालयमा मनोनयनपत्र पेश गर्नु पर्नेछ । तर, एउटै व्यक्ति वा कम्पनीको प्रतिनिधि एकभन्दा बढी उम्मेदवारको लागि प्रस्तावक वा समर्थक हुनसक्ने छैन । साथै, उम्मेदवारी दिने शेयरधनीले अन्य कसैको उम्मेदवारीका लागि प्रस्तावक वा समर्थक बस्न पाउनेछैन ।

(२) उपदफा (१) बमोजिम मनोनयनपत्र पेश गर्दा मनोनयनपत्र साथ सञ्चालक पदको उम्मेदवारीको लागि फिर्ता नहुने गरी रु. १०,०००/-(दश हजार रुपैयाँ) दस्तुर बुझाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सञ्चालक पदको उम्मेदवारीको मनोनयनपत्रमा रहने प्रस्तावक तथा समर्थकले कम्पनीको कम्तीमा १०० (एकसय) कित्ता शेयर लिएको हुनु पर्नेछ ।

(४) उम्मेदवारले मनोनयनपत्र साथ आफू कालो सूचीमा नरहेको व्यहोरा खुलेको कर्जा सूचना केन्द्र लिमिटेडबाट जारी भएको पत्र समेत पेश गर्नु पर्नेछ ।

(५) कुनै उम्मेदवारले मनोनयनपत्र फिर्ता लिन चाहेमा निर्वाचन अधिकृतद्धारा प्रकाशित निर्वाचन कार्यक्रमको सूचनामा उल्लेखित समय भित्र दरखास्त दिई फिर्ता लिनु पर्नेछ ।

(६) उपदफा (१) वमोजिम मनोनयपत्र पेश गर्दा संस्थागत शेयरधनीको हकमा सो संस्थाको संचालक समितिले निजलाई संस्थाको प्रतिनिधि तोकेको र संचालकको निर्वाचनमा उम्मेदवारी समेत दिनका लागि निर्णय गरेको व्यहोरा सो संस्थाको कम्पनी सचिव वा अख्तियार प्राप्त व्यक्तिवाट प्रमाणित गराई संस्थाको प्रमाणपत्र, प्रवन्धपत्र तथा नियमावली नोटरी पब्लिकवाट प्रमाणित गराई पेश गर्न पर्नेछ ।

१४. **मनोनयनपत्र सम्बन्धी अन्य व्यवस्था :** (१) उम्मेदवारको मनोनयनपत्र उम्मेदवार वा निजको वारिसले निर्वाचन अधिकृत समक्ष दिनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले मनोनयनपत्र रीत पुर्वक भए नभएको हेरी रीत पुर्वकको भएमा दर्ता गरी त्यसको निस्सा उम्मेदवारलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निस्साको ढाँचा निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ ।

(४) निर्वाचन अधिकृतले प्रस्तावक वा समर्थक नभएको वा प्रस्तावक वा समर्थक वा उम्मेदवारी हुने व्यक्तिको सहीछाप नभएको वा अन्य रित नपुगेको मनोनयन पत्र दर्ता गर्न ल्याएमा रित नपुगेको प्रति सच्याउन लगाई मनोनयनपत्र दर्ता गर्नु पर्नेछ । सच्याउनु पर्ने व्यहोरा नसच्याई मनोनयनपत्र दर्ता गराउन चाहेमा सोही व्यहोरा मनोनयनपत्रमा जनाई त्यसको सूचना मनोनयनपत्र दर्ता गराउने व्यक्तिलाई दिनु पर्नेछ र त्यस्तो मनोनयनपत्रले मान्यता पाउने छैन । साथै निर्वाचन अधिकृतले मनोनयनपत्र सच्याउन पठाई मनोनयनपत्र दाखिला गर्ने समय भुक्तान भई सकेपछि मनोनयनपत्र दाखिला गर्न ल्याएमा उक्त मनोनयनपत्र दर्ता गरिने छैन ।

(५) मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रमको सूचना बमोजिमको समय, स्थान र मितिमा मनोनयनपत्र दर्ता भएको उम्मेदवारीको नामावली प्रकाशन गर्नेछ ।

१५. **उम्मेदवारको नामावली प्रकाशनः** निर्वाचन अधिकृतले तोकिएको समय भित्र दर्ता भएका मनोनयन पत्रहरुको जाँचबुझ गरी रित पुगेका उम्मेदवारहरुको अनुसुची–६ को ढाँचामा प्रथम पटक नामावली निर्वाचन अधिकृतको कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

१६. **उम्मेदवारले नाम फिर्ता लिने :** (१) कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको सूचीबाट फिर्ता लिन चाहेमा तोकिएको समय सिमा भित्र निर्वाचन अधिकृत समक्ष अनुसुची–७ बमोजिमको ढाँचामा लिखित निवेदन दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नाम फिर्ता लिन लिखित निवेदन उम्मेदवार आफैले दाखिला गर्नु पर्नेछ र सो निवेदनमा आफ्नो परिचय पत्र सहित उपस्थित भई निर्वाचन अधिकृत समक्ष सनाखत समेत गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम नाम फिर्ता लिनको लागि दिएको निवेदन निर्वाचन अधिकृत समक्ष दाखिल भईसके पश्चात सो सूचना बदर गर्न वा फिर्ता लिन पाउने छैन ।

(४) यस दफामा जुनसुकै कुरा उल्लेख भए तापनि मतदान शुरु हुनु भन्दा एक घण्टा अघीसम्म पनि उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा निर्वाचन अधिकृतले फिर्ता लिन अनुमती दिन सक्नेछ ।

(५) उम्मेदवारले आफ्नो नाम फिर्ता लिए पश्चात सोको सूचना निर्वाचन अधिकृतको कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम मतदान शुरु हुनु भन्दा एक घण्टा अघी उम्मेदवारको नाम फिर्ता भएमा सोको सूचना निर्वाचन अधिकृतले निर्वाचन अधिकृतको कार्यालयमा टाँस गर्नु पर्नेछ ।

१७. **उम्मेदवार उपरको दाबी विरोधः** (१) कुनै उम्मेदवार अयोग्य छ भन्ने विषयमा वा अन्य कुराका सम्बन्धमा उम्मेदवार उपर तोकिएको समयभित्र दाबी विरोधमा उजुरी दिन चाहेमा कुनै उम्मेदवारले निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको समय, स्थान र मितिमा कारण खोली निर्वाचन अधिकृत समक्ष अनुसुची–८ को ढाँचामा उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दाबी बिरोध पेश गर्दा रु २,०००/-(दुई हजार रुपैया) धरौटी राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दिएको उजुरी गलत साबित भएमा धरौटी जफत हुनेछ । तर उजुरी सही ठहरिएमा उपदफा (२) बमोजिम राखेको धरौटी सम्बन्धित व्यक्तिलाई फिर्ता दिनु पर्नेछ ।

(४) कुनै सञ्चालकको उम्मेदवारको दाबी बिरोध परेमा निर्वाचन अधिकृतले सम्बन्धित उम्मेदवारलाई उचित समय दिई सफाईको मौका दिई छानबिन गरी निर्णय गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्वाचन अधिकृतले दिएको निर्णय अन्तिम हुनेछ ।

१८. **उम्मेदवारको दरखास्त रद्द हुने:** देहायको अवस्थामा उम्मेदवारको मनोनयनपत्र रद्ध हुनेछ :

(क) प्रस्तावक र समर्थक हुने व्यक्ति कम्पनीको बुक क्लोज भएको मितिसम्म शेयर दर्ता किताबमा दर्ता भएको सम्बन्धित समूहको शेयरधनी नभएमा ।

(ख) प्रस्तावक र समर्थक हुने व्यक्ति सम्बन्धित समूहको शेयरधनीको हैसियतले कम्तीमा १०० कित्ता शेयर ग्रहण गरेको नभएमा ।

(ग) प्रचलित कानून तथा यस निर्देशिका बमोजिम सञ्चालक पदमा उम्मेदवार वा संचालक हुन नपाउने भनी गरिएको दाबी विरोध प्रमाणित भएको भनी निर्वाचन अधिकृतबाट ठहर भएमा ।

(घ) दफा १२ बमोजिम उम्मेदवार हुन योग्यता नभएका भनी प्रमाणित भएमा ।

(ङ) निर्वाचन अधिकृतले तोकेको निर्वाचनको अन्य प्रक्रियाहरु पुरा नगरेको भएमा ।

१९. **उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने:** दफा १७ बमोजिम दाबी विरोध परेकोमा सोको निर्णयपछि र नाम फिर्ता लिने समय समाप्त भएपछि अनुसूची-९ बमोजिमको ढाँचामा उम्मेदवारको अन्तिम नामावली निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

२० **निर्विरोध निर्वाचित भएको घोषणा:** आवश्यक संख्या पद १ मा १ मात्र उम्मेदवारी दर्ता भएमा त्यस्तो उम्मेदवारलाई निर्विरोध निर्वाचित भएको भनी निर्वाचन अधिकृतले वार्षिक साधारण सभामा घोषणा गर्नेछ ।

२१. **प्रतिनिधि वा वारेश राख्न सक्ने:** (१) कुनै कारणले उम्मेदवार आफै उपस्थित हुन नसक्ने भई कुनै उम्मेदवारले उम्मेदवारी दर्ता गर्न र मतदान केन्द्रमा प्रतिनिधि राख्न चाहेमा प्रतिनिधि वा वारेश राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधि वा वारेश राख्न चाहने उम्मेदवारले अनुसुची–१० बमोजिमको ढाँचामा निर्वाचन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(३) प्रतिनिधि वा वारेशले यस निर्देशिका बमोजिम उम्मेदवारले गर्नु पर्ने सबै काम गर्न सक्नेछ । तर प्रतिनिधि वा वारेशले दफा १६ बमोजिम उम्मेदवारको नाम फिर्ता लिन सक्ने छैन ।

(४) यस निर्देशिका बमोजिम निर्वाचन प्रतिनिधि नियुक्त नभएमा वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि उपस्थित नरहेमा वा निजहरु मध्ये कुनैले गर्नु पर्ने काम नगरेमा सोही कारणले मात्र मतदान, मतगणना वा निर्वाचन सम्बन्धी कुनै पनि कार्य रोकिने छैन ।

२२. **उम्मेदवारको परिचय पत्र**: उम्मेदवारको अन्तिम नामावली प्रकाशन भए पश्चात अन्तिम नामावलीमा नाम समावेश भएका उम्मेदवारहरुलाई र मतगणनाको लागि निजको प्रतिनिधिलाई निर्वाचन अधिकृतले परिचय पत्र दिनेछ ।

## परिच्छेद -६
## मतदान केन्द्र, मतपत्र र मतपेटिका

२३. **मतदान**: उम्मेदवार निर्विरोध नभएको अवस्थामा तोके बमोजिम मतदान गर्ने, गराउने काम निर्वाचन अधिकृतको हुनेछ ।

२४. **मतदान केन्द्र**: निर्वाचन अधिकृतद्धारा प्रकाशित सूचनामा तोके बमोजिमका स्थानमा मतदान केन्द्र रहनेछन् ।

२५. **मतपत्र**: निर्वाचन अधिकृतद्वारा अनुसुची–११ मा उल्लेखित ढाँचा बमोजिमको विभिन्न दर उल्लेख भएको मतपत्र हुनेछ ।

२६ **मत पेटिका**: (१) निर्वाचनको लागि निर्वाचन अधिकृतले तोके बमोजिमको मतपेटिका राखिनेछ । निर्वाचन शुरु हुनु भन्दा अगाडि निर्वाचन अधिकृतले सबै उम्मेदवार वा निजको प्रतिनिधिलाई देखाई निजहरुको रोहवरमा मतपत्र छिराउने प्वालमात्र खुल्ला राखी लाहाछाप वा ताल्चा लगाई मतदान हुने स्थानमा तोकिएको संख्यामा मतपेटिका राखिने छ र सोको अनुसुची–१२ बमोजिम मुचुल्का गराइने छ ।

(२) मतदान कार्य सकिएपछि निर्वाचन अधिकृतले उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको उपस्थितिमा मतपेटिकाको मतपत्र छिराउने प्वाल बन्द गरी अनुसुची–१३ बमोजिमको ढाँचामा मुचुल्का तयार गरी मत पेटिकालाई लाहा छाप लगाई मतगणना गर्ने स्थानमा यथाशीघ्र लैजाने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) मतपेटिका साथ उम्मेदवार वा प्रतिनिधि आउन चाहेमा आउन दिनु पर्नेछ ।

## परिच्छेद -७
## मतदान

२७. **मतदानको समय**: मतदान गर्ने समय निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रममा जारी गरेको सूचनामा तोके बमोजिम हुनेछ । मतदानको कार्यक्रम एकै दिनमा नसकिने भएमा सूचना जारी गरी निर्वाचन अधिकृतले दोस्रो समय, स्थान र मिति निर्धारण गर्नेछ ।

२८. **मतदान गर्नेः** (१) शेयरधनीको मताधिकार निजले लिएको शेयर संख्याको हिसाबले हुनेछ । निजलाई आफ्नो नाममा कायम शेयर संख्या बराबरको मतको अलावा यस निर्देशिकामा उल्लेखित तरिका बमोजिम प्राप्त प्रोक्सीमा उल्लेखित शेयर संख्या बराबरको समेत मतदान गर्ने अधिकार हुनेछ ।

(२) मतदातालाई मतदानको लागि मतदाता नामावलीमा रुजु गरी मतदाताको सही गराई जम्मा दिनु पर्ने जति मतपत्र दिइनेछ ।

(३) एक पटकमा एक जना मतदातामात्र मतदान गर्ने कोठामा प्रवेश गर्न दिइनेछ र मतदान गोप्य हुनेछ ।

(४) मतदान गर्नको लागि आवश्यकता अनुसार एक वा एकभन्दा बढी कोठा प्रयोग गर्न सकिनेछ ।

२९. **प्रवेश निषेधः** (१) मतदान केन्द्रमा उम्मेदवार, उम्मेदवारको प्रतिनिधी वा वारिस, निर्वाचन अधिकृतद्धारा खटाईएको सम्वन्धित कर्मचारी र मतदाता बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न दिइने छैन ।

(२) मतदातालाई मतदानको लागि तोकिएको समय समाप्त भए पश्चात मतदान केन्द्रमा प्रवेश निषेध गरिनेछ ।

(३) शारिरीक रुपले असमर्थ मतदाताले मतदान कार्यको लागि निर्वाचन अधिकृत समक्ष सहयोग मागेमा निर्वाचन अधिकृतले आवश्यक सहयोग उपलव्ध गराउन सक्नेछ ।

३०. **मतदान स्थगित वा मतदान समयको हेरफेर गर्न सकिनेः** (१) निर्वाचन कार्य प्रारम्भ हुनु अगावै कुनै उम्मेदवारको मृत्यु भएको कुरा निर्वाचन अधिकृतलाई लिखित जानकारी प्राप्त भएमा निर्वाचन अधिकृतले निर्वाचन स्थगित गर्न सक्नेछ ।

(२) हिंसात्मक हुलदंगा, उपद्रव वा प्राकृतिक बिपत्ति जस्ता काबु बाहिरको परिस्थिति पर्न गई मतदान स्थगित गराउनु पर्ने देखिएमा सोको लागि सञ्चालक समितिको अध्यक्षको अनुमति लिई निर्वाचन अधिकृतले मतदान कार्य स्थगित गराउन वा मतदानको समय हेरफेर गर्न सक्नेछ र सोको सूचना यथाशीघ्र कम्पनी सचिव मार्फत सञ्चालक समितिलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम मतदान स्थगित गरिएकोमा सञ्चालक समितिको परामर्श लिई निर्वाचन अधिकृतले पुनः मतदानको लागि मिति, समय र स्थान तोक्नेछ र मतदान गराउने छ ।

(४) निर्वाचन अधिकृतले उपदफा (३) वमोजिम मतदान गराएर सो को परिणाम र निर्वाचित संचालकको नाम उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिलाई निर्वाचनको परिणामको विषयमा जानकारी गराउनेछ ।

३१. **मतदान रद्द गर्न सकिनेः** (१) देहाय बमोजिमको कुनै वा सबै अवस्था सृजना भई मतदान सहज रुपमा सम्पन्न हुन नसक्ने कुरामा निर्वाचन अधिकृत विश्वस्त भएमा निर्वाचन

अधिकृतले त्यस्तो मतदान रद्ध गरी कम्पनी सचिव मार्फत सञ्चालक समितिलाई सोको जानकारी तुरुन्त दिनु पर्नेछ :–

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतदान केन्द्र वा मतपत्र आफ्नो कब्जामा लिई मतदान कार्यमा प्रभाव परेमा वा कुनै उम्मेदवारको समर्थक मतदाताहरुलाई मतदान गर्न नदिएमा ।

(ख) कसैले बल प्रयोग गरी वा नगरी मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न वा डर, त्रास वा धाक धम्की दिएमा वा मतदान गर्नको लागि मतदान केन्द्र वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिएमा ।

(ग) कसैले बल प्रयोग गरी वा नगरी मतदान कार्य सञ्चालन गर्न खटिएका कर्मचारीहरुलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटीका वा मतदान सामाग्री कब्जामा लिई अन्य कुनै त्यस्तो कार्य गरी मतदानको कार्य निष्पक्ष र स्वतन्त्र रुपमा सामान्य ढंगले संचालन नहुने या हुन नसक्ने गरी प्रभावित गरेमा ।

(घ) मतदान केन्द्रमा मतदानको लागि प्रयोग भएको मतपेटिका दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा सञ्चालक समितिको परामर्श लिई निर्वाचन अधिकृतले पुनः मतदानको लागि मिति, समय र स्थान तोक्नेछ ।

३२. **निर्वाचन अधिकृतले निरिक्षण गर्नेः** कुनै मतदाता वा मतदान गर्ने कुनै व्यक्ति मत संकेत गर्ने गोप्य स्थानमा मनासिब समय भन्दा बढी समय बसेमा वा निर्वाचन अधिकृतलाई कुनै शंका लागेमा निर्वाचन अधिकृत मत संकेत गर्ने गोप्य स्थानमा प्रवेश गरी निरिक्षण गर्न सक्नेछ ।

३३ **मत गणनाः** (१) मतदानको समय समाप्त भएपछि निर्वाचन अधिकृतले उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा सबै मतपेटीकाहरु मतगणना स्थलमा प्राप्त भए पछि मतपत्र भएका मतपेटिकाहरुमा लागेको सिल खोली अनुसुची–१४ को ढाँचामा मुचुल्का तयार गरी मतगणना कार्य प्रारम्भ गर्नेछ ।

(२) मतगणना स्थलमा निर्वाचन अधिकृत, निजले तोकेको व्यक्ति र कर्मचारी, उम्मेदवार वा निजको प्रतिनिधि वा वारेस बाहेक अन्यलाई प्रवेश दिईने छैन ।

(३) मतगणना सम्बन्धी कार्यमा उठाईएको मुचुल्काहरुमा उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि वा वारेशको दस्तखत हुनु पर्नेछ । तर मुचुल्काहरुमा उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि वा वारेशको दस्तखत हुन नसकेमा सोको कारण खुलाई निर्वाचन अधिकृतले दस्तखत गर्नु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले मतगणना स्थलमा मतपेटिका खोली मतपत्र खन्याई रित्तो मतपेटिका उम्मेदवारको प्रतिनिधि वा निजको वारेसलाई देखाउनु पर्दछ ।

(५) निर्वाचन अधिकृतले मतगणना समाप्त भए पश्चात अनुसुची–१५ को ढाँचामा मुचुल्का तयार गर्नु पर्नेछ ।

(६) मत गणनाको लागि अनुसूची-१६ बमोजिमको फाराम प्रयोग गर्नु पर्दछ ।

(७) मत गणना गर्दा प्रत्येक उम्मेदवारले पाएको सदर मतको गणना गरी अनुसुची–१७ को ढाँचामा राख्नु पर्नेछ ।

(८) मतगणना स्थलमा उम्मेदवार, निजको प्रतिनिधि, निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षाकर्मी बाहेकका अन्य व्यक्तिलाई प्रवेश निषेध गरिनेछ ।

(९) मतगणना गर्दा देहायका अवस्थामा रहेको मतपत्र बदर हुनेछन्:

(क) निर्वाचन अधिकृतको सही नभएको ।

(ख) मतपत्रमा अनावश्यक संकेत देखिएको ।

(ग) मतपत्र च्यातिएको, प्वाल परेको वा केरमेट भएको ।

(घ) उम्मेदवार बीच मतपत्रको विषयमा सदर वा बदरमा विवाद भई निर्वाचन अधिकृतले बदर घोषित गरेको मतपत्र ।

(ङ) नक्कली वा जाली मतपत्र भएमा ।

(१०) मतगणना शुरु गरे पश्चात समाप्त नभएसम्म लगातार जारी राख्नु पर्नेछ । मतगणनामा बाधा बिरोध पुर्‍याउने कुनै पनि व्यक्तिलाई निर्वाचन अधिकृतले मतगणना स्थलबाट बाहिर निकाल्न सक्नेछ । कुनै कारण बस मतगणनाको काम लगातार जारी राख्न नसकिने भई बीचैमा रोक्नु पर्ने भएमा निर्वाचन अधिकृतले गणना गरी सकेको मतपत्रहरु, मतगणना अभिलेखहरु, मतगणना गर्न बाँकी रहेका मतपत्रहरु र मतगणना गर्न बाँकी मतपेटिकाहरुको लगत समेत तयार गरी अलग अलग खाममा राखी आफ्नो लाहाछाप लगाई बन्द गर्नु पर्नेछ । कुनै कारणले रोकिएको मतगणना कार्य यथासम्भव छिटो पुनः प्रारम्भ गर्नु पर्नेछ ।

(११) उम्मेदवारहरुले बराबर मत प्राप्त गरी निवार्चित हुन नसक्ने स्थिती आएमा गोला प्रथाबाट निर्णय गर्नु पर्नेछ । गोला प्रथाबाट निर्वाचित उम्मेदवारले एकमत बढी प्राप्त गरेको मानी निर्वाचित भएको मानिनेछ ।

(१२) मतगणना गर्ने कार्य सकिए पछि खसेको मतपत्र र प्रत्येक उम्मेदवारले पाएको सदर र बदर मत समेत उल्लेख गरी सम्भव भएसम्म उम्मेदवार वा वारेशको दस्तखत गराई विवरण तयार गर्नु पर्नेछ । कुनै उम्मेदवार वा वारेशको दस्तखत हुन नसकेमा निर्वाचन अधिकृतको मात्र दस्तखत भए पुग्नेछ ।

३४. **विजयी उम्मेदवारको घोषणा:** (१) निर्वाचन अधिकृतले मतगणनाको कार्य सकिएपछि तोकिएको ढाँचामा प्रत्येक उम्मेदवारले पाएको सदर मत, बदर मत समेत उल्लेख गरी, उम्मेदवार वा निजको वारेस वा प्रतिनिधिको सही गराई अनुसूची-१८ बमोजिमको मतलाई आधारमानी निर्वाचन परिणामको घोषणा गर्नु पर्नेछ । तर, निर्वाचन हुने पद संख्या वरावर उम्मेदवारी परेको खण्डमा उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्दा निर्वाचन अधिकृतले "निर्विरोध" भनी उल्लेख गर्नेछ ।

(२) निर्वाचन अधिकृतले निर्विरोध वा विजयी घोषणा भएका उम्मेदवारलाई अनुसूची-१९ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(३) मतगणना समाप्त भए पश्चात निर्वाचनको सिलसिलामा प्रयोगमा आएका सबै कागजपत्र खामबन्दी गरी लाहाछाप लगाई निर्वाचन सम्बन्धमा उजुरी नपरेको अवस्थामा

तीन महिनासम्म र उजुरी परेकोमा सोको टुङ्गो नलागेसम्म सुरक्षित ढङ्गले राख्नु पर्नेछ । (४) निर्वाचन सम्बन्धी अन्य व्यवस्थाका सम्बन्धमा निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ ।

## परिच्छेद -८
## विविध

३५. **व्याख्या गर्ने अधिकारः** यस निर्देशिकाको व्याख्या गर्ने अधिकार सञ्चालक समितिलाई हुनेछ ।

३६. **कर्मचारी नियुक्त गर्ने अधिकारः** निर्वाचन सम्बन्धी कामकाज गर्न गराउनको लागि कम्पनीको स्वीकृति लिई निर्वाचन अधिकृतले आवश्यक सहयोगी कर्मचारीहरुलाई अस्थायी रुपमा काममा लगाउन सक्नेछ । निजहरुले पाउने पारिश्रमिक कम्पनीले तोके बमोजिम हुनेछ ।

३७. **सम्पर्कः** निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी काम गर्न गराउन कम्पनीसँग सम्पर्क राख्नु पर्ने भएमा कम्पनी सचिव मार्फत सम्पर्क राख्न सक्नेछ । सर्वसाधारण शेयरधनीले निर्वाचन सम्बन्धमा कम्पनीसँग सम्पर्क राख्नु परेमा निर्वाचन अधिकृत मार्फत सम्पर्क राख्न सक्नेछ ।

३८. **निर्वाचन सम्बन्धी कागजातः** निर्वाचनमा प्रयोग भएका कागजात मध्ये मतगणनाको प्रयोजनको लागि आवश्यकता अनुसार खोली हेरी मतगणनाको काम समाप्त भएपछि सिलबन्दी गरी कम्पनी सचिवको जिम्मामा राखिनेछ । यसरी सिलबन्दी गरी राखिएको निर्वाचन सम्बन्धी कागजात निर्वाचन सम्बन्धमा उजुरी परे सोको अन्तिम किनारा नलागेसम्म र उजुर नपरेमा निर्वाचन समाप्त भएको मितिले तीन महिनासम्म सुरक्षित राख्नु पर्नेछ ।

